नेपाल सरकार
# संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
## बैदेशिक सहयोग समन्वय शाखा
सिंहदरवार, काठमाडौं

टेलिफोन : ०१-४२००५१०
०१-४२००३१६
फ्याक्स : ०१-४२००३२६

प.सं. २०७२।७३
च.नं. : ६२
मिति : २०७३।५।२३

---

श्री जिल्ला विकास समितिको कार्यालयहरु
गोरखा, रसुवा, धादिङ, नुवाकोट, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, मकवानपुर,
सिन्धुली, रामेछाप, दोलखा, ओखलढुंगा, ललितपुर, काठमाण्डौ, भक्तपुर ।

**विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृतज्यूको अध्यक्षतामा मिति २०७३/५/१६ मा बसेको केन्द्रीय अनुगमन समितिको बैठकका निर्णयानुसार तपसिल बमोजिमका कार्यहरु उच्च प्राथमिकताका साथ गर्नु गराउनुहुन आदेशानुसार अनुरोध गरिन्छ ।

१) प्रत्येक गाविस तथा नपाहरुमा सम्पन्न भैसकेका अनुदान सम्झौताको हालसम्मको एकमुष्ठ विवरण यथाशिघ्र र यसपछि हुने सम्झौताको विवरण प्रत्येक ३/३ दिनमा जिविसमा उपलब्ध गराउने व्यवस्था मिलाउने ।

२) प्रत्येक गाविस तथा नपाहरुमा सम्पन्न हुन बाँकी अनुदान सम्झौताहरुलाई यथाशिघ्र सम्पन्न गर्ने व्यवस्था मिलाउने ।

३) मकवानपुर, सिन्धुली र रसुवा लगायतका जिल्लाहरुमा अनुदान सम्झौता एवं अनुदान वितरणको कार्यमा ज्यादै न्यून प्रगति भएको हुँदा अनुदान सम्झौता र बैंक खाता मार्फत अनुदान वितरणको कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाउने ।

(सन्तोष पोखरेल)
शाखा अधिकृत

बोधार्थः
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरबार, काठमाण्डौं ।
केन्द्रीय आयोजना कार्यान्वयन इकाई, पुल्चोक ललितपुर ।
सूचना तथा विद्युतीय शासन शाखाः यस पत्रलाई मन्त्रालयको Website मा राखिदिनुहुन ।